# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
## प्रधान कार्यालय,
## जनशक्ति व्यवस्थापन तथा तालिम विभागको
## सूचना

(मिति : २०८३/०१/२२)

यस संस्थामा स्थायी सेवामा कार्यरत कर्मचारीहरुको लागि देहायको योग्यता र सुविधा सहित स्वेच्छिक अवकाशको विशेष योजना (VRS) लागू गर्न सञ्चालक समितिबाट स्वीकृति प्रदान भए बमोजिम इच्छुक कर्मचारीहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (कार्यालय समय) भित्र रितपूर्वकको निवेदन प्रधान कार्यालय, जनशक्ति व्यवस्थापन तथा तालिम विभाग, बुटवलमा बुझाउनु हुन वा संस्थाको इमेल ठेगाना info@gblbs.com.np मा पठाउनु हुन सूचित गरिएको छ। निवेदनको नमूना संस्थाको वेबसाइट www.gblbs.com.np मा राखिएको छ।

(क) संस्थामा कार्यरत सबै तहका कर्मचारीको स्थायी सेवा अवधि कम्तीमा २५ वर्ष वा सो भन्दा बढी अवधि कार्यरत हुनु पर्नेछ।

(ख) एक वर्ष भन्दा कम कार्य अवधि भएका कर्मचारीहरु यो योजनामा सामेल हुन सक्ने छैनन्। तर सञ्चालक समितिको निर्णय मिति २०८२/१२/१३ मा एक वर्ष स्थायी सेवा अवधि बाँकी रहेका कर्मचारीहरु पनि यस योजनामा सामेल हुन पाउने छन्।

(ग) स्वेच्छिक अवकाश लिने कर्मचारीलाई एक तह माथिको पदमा बढुवा गरी अवकाश प्रदान गर्न सकिनेछ।

(घ) उल्लेखित योग्यता पुगेका कर्मचारीले सूचना प्रकाशित भएको मितिले तोकेको म्याद भित्र निवेदन दिइसक्नुपर्नेछ।

(ङ) स्वेच्छिक अवकाश लिने कर्मचारीले कर्मचारी सेवा विनियमावलीले तोके बमोजिम उपदान पाउने गरी संस्थाले स्वेच्छिक अवकाश प्रदान गर्न सक्नेछ। यसरी सेवा अवधि थप गर्दा विनियमावलीमा उल्लेख भएको अधिकतम सेवा अवधिभन्दा बढी हुने गरी थप हुने छैन।

(च) आ.व.२०८२/८३ को असार मसान्तमा स्थायी सेवा अवधि २५ वर्ष पुग्ने स्थायी कर्मचारीहरुले समेत यस योजनामा आवेदन दिन सक्नेछन्।

(छ) स्वेच्छिक अवकाशका लागि निवेदन दिने कर्मचारीको निवेदन स्वीकृत गर्ने नगर्ने अधिकार संस्थामा निहित रहनेछ।